थाहानगरका दुई विद्यालयका विद्यार्थीलाई लायन्सद्वारा न्यानो कपडा वितरण । पृष्ठ ५ मा

विकास खबरपत्रिका राष्ट्रिय साप्ताहिक

# विकास

www.bikaskhabar.com
खबरपत्रिका साप्ताहिक

कार्यालयः
थाहा नगरपालिका-८
मकवानपुर
सम्पर्क नं.
९८०७१५३३००
इमेलः
bikaskhabar@gmail.com



● मकवानपुर, वर्ष-१७, अंक-२४ ● २०८१ पुस १५ गते सोमबार, ● 30 December, 2024, ● नेपाल सम्वत्-११४५, ● पृष्ठ-६, ● मूल्य रु. १०/-

## पालुङ जेसिजका कार्की राष्ट्रिय उपाध्यक्षमा निर्वाचित

◆ विकास संवाददाता

नेपाल जेसीजको ५१ औं राष्ट्रिय महाधिवेशनले थाहा नगरपालिकामा क्रियाशील पालुङ जेसिजका संगम कार्कीलाई राष्ट्रिय उपाध्यक्षमा निर्वाचित गरेको छ

सुनसरीको इटहरीमा ८ पुस अबेर सम्पन्न महाधिवेशनबाट कार्की राष्ट्रिय उपाध्यक्ष पदमा निर्वाचित भएका हुन् । कार्कीले ९ सय ५८ मत ल्याएर विजयी भएका थिए ।

पालुङ जेसिजले सन् २००३ मा राष्ट्रिय उपाध्यक्ष पाएको थियो भने सन् २०२५ मा उपाध्यक्षमा निर्वाचित कार्की



पालुङ जेसीजको तर्फबाट निर्वाचित हुने दोस्रो उपाध्यक्ष हुन् । नेपाल जेसिजको राष्ट्रिय अध्यक्ष भने रजनी थापा निर्वाचित भइन् ।

### चित्लाङ-चन्द्रागिरि स्तरोन्नती शुरु

## चित्लाङ सडक बिहान र बेलुका मात्र खुल्ने

विकास संवाददाता
थाहानगर

सडक डिभिजन कार्यालय काठमाडौंले एक महिनाका लागि पूर्णरूपमा बन्द गरेको मकवानपुर र काठमाडौं जोड्ने छोटो दूरीको मार्ग चित्लाङ-चन्द्रागिरि सडक (गणेशमान मार्ग) बिहान र बेलुका लागि मात्रै खुला गरिएको छ ।

सडक डिभिजन कार्यालय काठमाडौंले स्थानीय बासिन्दाको समस्याप्रति बेवास्ता गर्दै विकल्प बिना सडक बन्द गरिएको भन्दै नागरिक स्तरबाट विरोध गरिएको थियो । स्थानीय बासिन्दा र जनप्रतिनिधिको विरोधपछि बिहान र बेलुका मात्रै साधन आवागमन गर्न दिने गरी सहमति भएको हो । थाहा नगरपालिका वडा नम्बर ९ का कार्यवाहक वडाध्यक्ष रामकृष्ण कपालीले सडक पूर्णरूपमा बन्द गर्दा यात्रुहरूलाई हुने असुविधालाई दृष्टिगत गरी सडक डिभिजन कार्यालयसँगको सहकार्यमा आंशिक रूपमा सवारी साधन सञ्चालन गर्ने व्यवस्था मिलाइएको जानकारी दिए ।

थानकोट-चित्लाङ सडक स्तरोन्नतिका क्रममा बिहान ८ देखि दिउँसो ४ बजेसम्म बन्द हुने र सो बाहेकको समय सवारीका साधन सञ्चालन गर्न सकिने वडा कार्यालयले जनाएको छ ।



साथै का बहाक वडाध्यक्ष कपालीले चन्द्रागिरी नगरपालिका वडा नम्बर ४ को कार्यालय, प्रहरी चेकपोष्ट, चन्द्रागिरी र इलाका प्रहरी कार्यालय, चित्लाङलाई आवश्यक सहयोग तथा समन्वयका लागि पत्राचार गरेका छन् । थाहा नगरपालिका वडा नम्बर १० का दीपक गोपालीले सडक डिभिजन कार्यालय, काठमाडौं र वडाध्यक्षसहित गएको प्रतिनिधिमण्डलबिच बिहान ९ बजे अगावै र दिउँसोको ४ बजेपछि सवारी साधन प्रवेश गरिसक्नुपर्ने गरी सहमति भएको जानकारी दिए । उनले कामको प्रगति हेरी आगामी दिनमा निर्माण व्यवसायीलाई कामको वातावरण बनाउन स्थानीयले सहयोग बताउँदै निर्माण व्यवसायीका लागि काम गर्न अझै पनि समय पर्याप्त भएकाले स्थानीयलाई असर नपर्ने गरी कामलाई अगाडि बढाउने बारेमा छलफल भएको जानकारी दिए ।

सडक डिभिजन कार्यालय काठमाडौंले यसअघि थानकोट-चित्लाङ सडक स्तरोन्नतिका लागि उक्त सडकको पानीघाटदेखि चन्द्रागिरि भञ्ज्याङ खण्ड पुस ७ गते आइतबारदेखि आगामी माघ ६ गतेसम्म पूर्ण रूपमा आवागमन बन्द हुने जनाएको थियो । यस्तै कुलेखानी-सिस्नेरी-छैमले-दक्षिणकाली सडक पनि यही पुस ११ गतेसम्म बन्द गरिएको छ ।

## इन्द्रसरोवरको हेभीखोलामा बेलिब्रिज हाल्ने निर्णय



◆ विकास संवाददाता

असोज ११ र १२ गतेको अविरल वर्षासँगै कुलेखानी जलविद्युत् आयोजनाको ड्याम खोल्दा क्षति भएको हेभीखोलामा बेलिब्रिज हालिने भएको छ । कुलेखानी भरिएसँगै ओभरफ्लो रोक्न गेट खोल्दा इन्द्रसरोवर गाउँपालिका-२ स्थित कुलेखानी ड्यामको तल्लो भागमा रहेको हेभीखोलाको पुलमा क्षति पुगेको थियो ।

तत्कालीन समयमा चाडपर्व भएका कारण खोलाबाट डाइभर्सन गरेर सवारी सञ्चालन गरिएको थियो । हाल उक्त डाइभर्सनबाटै सवारी हेभीखोला वार पार गरिरहेका छन् । ड्यामबाट क्षति पुगेको उक्त पुल तत्कालन सञ्चालन गर्न नसकिने निष्कर्ष निकाल्दै प्रदेश सरकारले बेलिब्रिज हाल्ने निर्णयमा पुगेको हो । बागमती प्रदेश सरकारको विपद् व्यवस्थापन कार्यकारी समितिको वैठकले तत्काल उक्त स्थानमा बेलिब्रिज हाल्ने निर्णय गरेको सरकारका प्रवक्ता एवं आन्तरिक मामिला तथा कानुनमन्त्री सुरजचन्द्र लामिछानेले जानकारी दिए । उनका अनुसार भीमफेदी गाउँपालिका-६ स्थित माण्डु खोलामा रहेको बेलिब्रिज निकालेर उक्त स्थानमा तत्काल हाल्ने निर्णय बैठकले गरेको छ । माण्डु खोलमा पक्की पुल निर्माण भएसँगै बेलिब्रिज प्रयोगमा आएको छैन ।

'आगामी वर्षाअगाडि नै उक्त पुल भएको स्थानमा बेलिब्रिज हालिनेछ । त्यसका लागि मन्त्रालयले आन्तरिक तयारी अगाडि बढाइसकेको छ,' मन्त्री लामिछानेले बताए । मुख्यमन्त्री बहादुर सिंह लामासहित विभिन्न सुरक्षा निकायको प्रमुखसहितको उपस्थितिमा बसेको बैठकले बेलिब्रिजलाई त्यहाँ लैजानका लागि आवश्यक प्रक्रिया सुरू गर्ने निर्णय भएको छ ।

## लोपोन्मुख समुदायका महिला आफैँ उद्यमशील

◆ विकास संवाददाता

घरबारी र जंगलमा पाइने रैथाने उत्पादनलाई उद्यमशील अभियानमा जोडेर मकवानपुरका लोपोन्मुख समुदायका महिला आफैँ उद्यमशील बनेका छन् । सामाजिक जागरण र आर्थिक रूपान्तरणको बलियो धरातल स्थानीय स्रोतलाई बनाएर आफ्नो समुदायलाई आर्थिक रूपमा समृद्ध बनाउने अभियानमा देहातका रैथाने महिला जोडिएका हुन् ।

मकवानपुरको हेटौँडा, मनहरीका लोपोन्मुख वनकरिया तथा चेपाङ समुदायका महिला स्थानीय स्तरमा पाइने कच्चा पदार्थकै प्रयोग गरेर उद्यमशील अभियानमा लागेका छन्रू। चुलाचौकामै सीमित हुनुपर्ने बाध्यतालाई उद्यमको सङ्घर्षमा रूपान्तरण गरेका



महिलाले वनजङ्गलमा खेर गइरहेका तितेपाती, घ्युकुमारी, सामुदायिक वनको खाली जग्गामा बेसार खेती, वनमा आधारित काष्ठकला र स्थानीयस्तरमा उत्पादन हुने सागको परिकार बनाएर बिक्री गरी अर्थोपार्जनको बलियो स्रोत निर्माण गरेका छन् ।

मकवानपुरको मनहरी-४, मुसेधापमा बसोबास गर्ने लोपोन्मुख वनकरिया तथा चेपाङ समुदायका महिलाले खेर गइरहेको जडीबुटीबाट अर्गानिक साबुन उत्पादन गरिरहेका छन् । तीन दशकअघिसम्म जंगलमा फिरन्ते जीवन बिताइरहेका लोपोन्मुख वनकरिया समुदायका महिलाले घ्युकुमारी, तितेपाती र निमको पातबाट भाँडा माझ्ने, लुगा धुने र नुहाउने साबुन उत्पादन गर्छन् ।

वनकरिया समुदायकी अगुवा महिला सन्तोषी वनकरियाका अनुसार महिनामा ५० रूपियाँ बचत गरेर २० हजार रूपियाँको लगानीमा १४ जना वनकरिया तथा चेपाङ समुदायका महिला मिलेर वनकरिया तथा चेपाङ महिला साबुन उद्योग दर्ता गरेर सञ्चालन गरिरहेका छन् । उनका अनुसार सानो, मध्यम र ठुलो साबुन उत्पादन गरेका वनकरिया महिलाले प्रतिगोटा २० देखि ६० रूपियाँसम्ममा साबुन बेच्ने गरेका छन् । उनले यहाँको साबुन हेटौँडा र काठमाडौँमा बिक्री गर्ने गरेको बताइन् ।

क्षयरोग सम्बन्धी जनहीतमा जारी सन्देश !

क्षयरोग रोकथाम र उपचारबाट नियन्त्रण हुने रोग हो । तलका लक्षणहरु मध्ये कुनै एक देखिएमा तुरुन्तै स्वास्थ्य संस्थामा गई निःशुल्क खकार जचाँऔं ।



थाहा नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
इन्द्रायणी चौर, मकवानपुर



सबै क्षयरोगको जाँच उपचार स्वास्थ्य संस्थामा निःशुल्क पाइन्छ ।
साथै, पूर्ण रुपमा औषधि सेवन गरे क्षयरोग निको हुन्छ ।

प्रेस काउन्सिलबाट 'क' वर्गको मान्यता प्राप्त
# विकास
www.bikaskhabar.com खबरपत्रिका साप्ताहिक
कार्यालय: थाहा-४ सम्पर्क नं. ९८०७१५३३००
२०८१ पुस १५ गते सोमबार, 30 Dec., 2024, Monday
जि.प्र.का. मकवानपुर दर्ता नं. ५९/२०६५/०६६ म.जि.हु.दर्ता नं. २३/२०६६/०६७



www.bikaskhabar.com
bikaskhabar@gmail.com



## • सम्पादकीय •

### पालिकाका राम्रा अभ्यास

नेपालको संविधानले स्थानीय तहलाई अधिकार सम्पन्न बनाएको छ । देशमा संघीयता कार्यान्वयनको आधारभूमिका रूपमा स्थानीय तहलाई लिइएको छ । संविधानले तीन तहलाई नै सरकारको हैसियत दिएको छ । संविधानको अनुसूची ८ मा स्थानीय तहका २२ प्रकारका एकल अधिकार हुने उल्लेख छ । अनुसूची ९ मा १५ वटा साझा अधिकार छन् । ती अधिकार स्थानीय तहको पहिलो कार्याकालमा कतिपय कार्यान्वयन भए कतिपय अन्तरस्थानीय तह समन्वय र कानुनको अभावमा कार्यान्वन हुने क्रममा छन् । संघ र प्रदेशको तुलनामा स्थानीय तहले भने अपेक्षाकृत रूपमा राम्रा काम गरेका छन् । जनतालाई नजिकबाट सेवा दिने, सुन्ने, देख्ने र हेर्ने स्थानीय सरकार नै हो । व्यवस्था मात्र नभई प्रणाली नै परिवर्तन गरेर नागरिकको घरआँगनको सरकारको रूपमा संविधानले स्थानीय सरकारको परिकल्पना गरेको हो ।

शासकीय निरन्तरताका साथै सीप र क्षमता विकासका दृष्टिकोणले स्थानीय तहको काम उपलब्धीपूर्ण छ । सभाको रूपमा स्थानीय तहले संसद् नै चलाएका छन् । प्रविधिको विकासले हिजोको तुलनामा स्थानीय तहलाई कतिपय काम गर्न सहज भई उल्लेखनीय प्रगति देखिएको छ । कतिपय स्थानीय तहमा लगानीको दृष्टिकोणबाट प्रतिफल आउन थालेका छन् । स्थानीय तह भएकै कारण सेवा प्रवाहमा स्थायित्व भएको छ । सरकार सञ्चालन सघ र प्रदेशको तुलनामा निरन्तर देखिएको छ । गुनासाहरू छन् तर सेवा प्रवाहमा नागरिकको सन्तुष्टि बढी देखिन्छ । हिजो भौतिक पूर्वाधार मन्त्रालयले गर्ने सडकका काम अहिले स्थानीय तहले गरिरहेका छन् । एकाध अपवादबाहेक सडकले नछोएका स्थानीय तह छैनन् । केहीबाहेक सबैजसो वडाका केन्द्रसम्म सडक पुगेको छ । पूर्वाधारको गुणस्तर वृद्धि भएको आमनागरिकले अनुभव गरिहेका छन् । साविक स्थानीय निकायमा गाउँ विकास समितिले गर्ने काम अहिले वडाबाट हुँदा नागरिकको पहुँच बढेको छ तर सहभागिता अलि कम देखिएको छ ।

स्थानीय तहमा योजना तर्जुमा, संघसंस्था, टोल समितिहरूको पहुँचका दृष्टिकोणले सन्तोषजनक देखिएको छैन । संविधान अनुसार स्थानीय तहका लागि कतिपय कानुन प्रदेश सरकारले त कतिपय सघ सरकारले बनाउनुपर्ने भएकाले ती निकायले कानुन निर्माणमा ढिलाइ गरेकाले काममा तीव्रता पाउन सकेको छैन । अगामी दिनमा प्रदेश र सघ सरकारले आवश्यक कानुन निर्माण गरी स्थानीय तहका कामलाई थप उपलब्धिमूलक बनाउनुपर्ने देखिएको छ । संविधानको अनुसूची ८ ले स्थानीय सरकारको एकल अधिकर सूचीभित्र २२ वटा अधिकार उल्लेख गरेको छ । ती अधिकारका सूचीलाई पूर्णरूपमा कार्यान्वयन गर्न सघ र प्रदेश सरकारले पनि उत्तिकै सक्रियता देखाउनुपर्नेछ । पालिकाहरुले गरेको कामको जिल्ला समन्वय समितिले अनुगमन मुयल्याङ्कनसहित अभिभावकत्व लिएको देखिन्छ । यसै सन्दर्भमा मकवानपुरका पालिकाहरूको मुल्याङ्कन गर्दै जिल्ला समन्वय समितिले अघिल्लो साता जिल्ला सभाको अवसरमा स्थानीय तहहरुलाई सम्मान समेत गरेको छ । तसर्थ पालिका, जिल्ला, प्रदेश र संघबीचको अन्तरस्थानीय तह समन्वय बढाई नागरिकलाई व्यवहारिक रुपमै संघीयताको मर्म बुझाउनुपर्ने आवश्यक छ ।

### थाहा नगरपालिकाको शिखरकोट काउण्टरबाट दिवा बस सेवा

| | | |
|---|---|---|
| विहान | ६:१५ | बजे काठमाण्डौ (हाइस) |
| विहान | ६:१५ | बजे हेटौंडा (फोर्स) |
| विहान | ७:१५ | बजे काठमाण्डौ (बस) |
| विहान | ८:00 | बजे हेटौंडा (बस) |
| विहान | ८:१५ | बजे सिमभन्ज्याङ हुँदै काडमाण्डौ (फोर्स) |
| विहान | ९: 00 | बजे काठमाण्डौ (मिनीबस) |
| विहान | ९:00 | बजे हेटौंडा जम्बो हाइस |
| विहान | ९:४५ | बजे काठमाण्डौ फोर्स |
| विहान | १0:१५ | बजे मार्खु, पालुङ हुँदै हेटौंडा (मिनीबर्स) |
| विहान | १0:१५ | बजे काठमाण्डौ(फोर्स) |
| विहान | १0:३0 | बजे हेटौंडा (फोर्स) |
| विहान | ११:१५ | बजे काठमाण्डौ (मिनिबस) |
| विहान | १२:३0 | बजे हेटौंडा (बर्स) |
| मध्यान्ह | १२:३0 | बजे काठमाण्डौ (बस) |
| मध्यान्ह | १:३0 | बजे हेटौंडा (मिनीबस) |
| दिउँसो | १:३0 | बजे पालुङ गोगने पकने (मिनीबस) |
| दिउँसो | १:३0 | बजे काठमाण्डौ (फोर्स) |
| दिउँसो | २:३0 | बजे काठमाण्डौ (फोर्स) |
| दिउँसो | ३:00 | बजे पालुङबाट मार्खु (बस) |
| दिउँसो | ३:३0 | बजे पालुङबाट काठमाण्डौं (बस) |

*थप जानकारीको लागि नारायणी यातायात दिवा बस सेवा तथा टिकट काउण्टर दामन शिखरकोट इन्चार्ज अरुण लामा ९८५५०७२३२२ र नरेन्द्र अधिकारी ९८५५०७०५६१*

### महत्वपुर्ण टेलिफोन नम्बरहरू

| | |
|---|---|
| पालुङ एम्बुलेन्स (चालक) | ९८१४२०७४०१ |
| आग्रा एम्बुलेन्स (चालक) | ९८६०२२३७५५ |
| जनकल्याण उच्च मा.वि. | ०५७-६२०३६४ |
| थाहा नगरपालिका कार्यालय | ०५७-४०००५६ |
| मत्स्यनारायण मा.वि. | ०५७-६२०५१२ |
| ईप्रका पालुङ (प्रमुख) | ९८५५०६९४९९ |
| प्रहरी चौकी फाखेल | ०५७-६९२५१८ |
| जिल्ला प्रशासन मकवानपुर | ०५७-५२०३८८ |
| विद्युत प्राधिकरण पालुङ | ०५७-४०००२९ |

# संघीय निजामती सेवा ऐन इच्छा पूर्ति गर्ने दस्तावेज नबनोस्



◆ कुमारप्रसाद दाहाल

निजामती सेवाको कोसेढुङ्गो २०१३ सालको ऐन हो। निजावती सेवा ऐन र नियमावली २०४९ सालसम्म कायम रह्यो। यो अवधिमा पनि कर्मचारी सन्तुष्ट थिएनन् । नीतिगत असन्तुष्टि थुप्रै थिए। २०१७/ १८ २०२४/२५ र २०२८/२९ मा लोकसेवा आयोग निलम्बन गरी सोझै पदपूर्तिको व्यवस्था समेत भयो। त्यतिखेर योग्यता होइन, शासकलाई देखाइने इमान्दारिता प्रमुख थिए। यद्यपि त्यतिखेर का शासक, प्रशासकहरू कर्मचारी चिन्दथे र योग्यताको कदर र सम्मान गर्थे ।

शासनभित्र कर्मचारी अनुशासित थिए। तर २०३२ सालमा शाखा अधिकृतमा भर्ना भएको अफिसर २०५५ सालसम्म शाखा अधिकृतमै अवकाश भएका तीतो अनुभव अहिले कतिपय भूतपूर्व प्रशासकहरूलाई सम्झिन समेत गाह्रो पर्छ । यस्ता गुम्सिएका पीडा नेपालको कर्मचारीतन्त्रका पूरानै हुन्। विक्रम सम्वत २००९,२०२५ २०३२ र २०४८ र थुप्रै प्रशासन सुधारका आयोगहरू बने । यिनले दिएका सुझावहरू अधिकांश वृत्ति विकाससँग सम्बन्धित थिए। विक्रम सम्वत २०३२ सालको डाक्टर भेषबहादुर थापा अध्यक्षताको प्रतिवेदन प्रशासन सुधारमा कोसे ढुङ्गो मानिन्छ। शासकीय सुधारका थुप्रै क्षेत्र यसमा समावेश थिए। तर यसलाई पनि वृत्ति विकासको अनिश्चित मनोविज्ञानले थिच्यो । कहिले पुरस्कार, कहिले कृति ,कहिले दुर्गम सेवा, र माथिल्लो शैक्षिक योग्यताको मानदण्डमा बढुवाका अंक यति फेरबदल गरियो कि पुलमुनिका कलेजबाट सजिलै शिक्षा प्राप्त गरी प्रमाणपत्र पेश गर्ने र छिमेकी राष्ट्रबाट ल्याएका शैक्षिक प्रमाणपत्र बढुवाको लागि योग्य ठहरिए। निजामती सेवाको यो तितो इतिहास हो। कमसेकम अहिले बढुवाको लागि यस्ता सर्टिफिकेट पेश हुँदैनन्। यो कमजोरी प्रवृत्तिगत देखिए पनि तत्कालीन ऐनमा आफ्नो इच्छापूर्ति गर्ने समूहको दबाब बढी रहनु थियो ।

प्रजातन्त्र प्राप्तिपछि निजामती सेवा ऐन २०४९ मा पनि थुप्रै सेवा समूह गठन गरिए। हुलाक सेवा, संसद सेवा किन गठन गरिए किन विघटन गरियो। फेरि संसद सेवा किन राखियो ? शिक्षा समूहको विज्ञता सिद्धिएकै हो त। शिक्षा समूह समेत प्रशासनमा समहीकृत भयो । महिला विकास अधिकृतलाई प्रशासन समूहमै समाहित गराइयो। यसले विषयगत क्षेत्रहरू सबै ओझेलमा परे। सिद्धिए। यो अनविज्ञता थियो वा अन्योलता। यसको उत्तर कोहीसँग छैन । सम्बन्ध, चाकरी, नजिकपन र बढुवाको स्वार्थको लागि थुप्रै समूह गठन गरिए। विघटन गरिए। गणतन्त्र पछि राजप्रसाद सेवा सर्लक्कै प्रशासन सेवामा मिसाइयो। के यो उचित थियो ? २०६४ सालको निजामती सेवा ऐनले २४ घको व्यवस्था गऱ्यो। जसले अहिलेसम्म बढुवा बिथोलेको छ । त्यसै ताका कर्मचारी युनियनलाई ट्रेड युनियनको अधिकार दिइयो। जसले अधिकार दिए तिनीहरूलाई नै अहिले यो घाँडो भएको छ ।

निजामती सेवा पुरस्कारको व्यवस्था गरियो । तर पुरस्कार लिने र दिने नै विवादमा परे। पुरस्कृत कर्मचारी आफू गौरवन्वित भएको भाव व्यक्त गर्न सक्दैन । यो कस्तो पुरस्कार हो। यो विषय निजामती सेवामा लागू गर्ने राजनीतिज्ञ र प्रशासकहरू अहिले पनि आफूले गल्ती गरेको महसुस गर्दैनन् । तर कर्मचारीतन्त्र लथालिङ्ग भएको भन्ने कुरामा उनीहरू सहमत छन् । २०७२ सालको संविधानपछि नयाँ ऐन ल्याउनुको सट्टा समायोजन ऐन ल्याउन हतार गरियो। अहिले समायोजन नै सबैभन्दा ठूलो कष्ट भएको छ। यस्ता थुप्रै उदाहरण छन् जसले नेपालको निजामती सेवा र समग्र कर्मचारी तन्त्रलाई विकलाङ्ग बनाएको छ। अहिले फेरि संघीय निजामती सेवा ऐनको पुनर्लेखनको चर्चा हुँदैछ। कतै यो चर्चाले पुरानै व्यथा त दोहोऱ्याउँदैन । विश्वास गर्ने ठाउँ कमै छ ।

नेपालको कर्मचारीतन्त्रलाई अनुत्तरदायी, भ्रष्ट र अनुशासित नभएको भन्ने आरोप जतातत्तै छ। यसलाई होइन भन्ने साहस कर्मचारी तन्त्रमा समेत छैन । ऊ आरोप खेपेर बसेको छ। यो आरोप ऐन, कानुन नभएको वा ऐन कानुनमा स्पष्ट कार्यसम्पादनको व्यवस्था नभएकै कारणले लागेको हो त ? सङ्घीय निजामती सेवा ऐन पुनर्लेखन गर्दा यो विषयलाई मुख्य केन्द्रबिन्दुमा राखेर हेर्नुपर्छ ।किनकि अहिले इतिहासकै सबैभन्दा निराशाको अवस्थामा कर्मचारीतन्त्र छ। यो निराशाको कारण निजामती सेवा ऐन वा कर्मचारी तन्त्र मात्र होइन । यसको मुख्य सम्बन्ध राजनीतिसँग छ ।

राजनीतिले आफूलाई योग्य नबनाइकन कर्मचारीतन्त्र मात्र योग्य हुन सक्दैन। राजनीति नेतृत्व पक्कै कर्मचारीतन्त्र सञ्चालन गर्न योग्य हुन्छ भन्ने मनोविज्ञान राखेर निजामती सेवा ऐनको पुनर्लेखन गर्नुपर्छ। कर्मचारीतन्त्रलाई यसरी प्रयोग गर्न सकिन्छ भन्ने राजनीति दूरदृष्टि र विज्ञता अहिले चाहिएको छ ।

विश्वविद्यालयमा उच्च अंक ल्याउनेलाई सोझै नियुक्ति दिने, लोकसेवा आयोगलाई सरूवा बढुवाको अधिकार दिने, मुख्य सचिव र सचिवको पद एक वर्ष र दुई वर्ष घटाउने, प्रमुख प्रशासकीय अधिकृतको खटनपटन सङ्घ केन्द्र वा तत एकाइले गर्ने, निजामती सेवा ऐनको नाम र परिभाषा, निजामती सेवाको सम्बन्ध केन्द्र र स्थानीय समूह रहने, उच्च पदमा करार नियुक्तिको व्यवस्था, ट्रेड युनियन राख्ने नराख्ने आदि थुप्रै विषयमा राजनीति र विज्ञसँग छलफल भएका कुरा चर्चामा सुनिँदैछ। यो विषय समीचिन छ। झन्डै १५०० त संशोधनका प्रस्ताव नै परेका छन् । यसको अर्थ आगामी निजामती सेवा ऐनमा हामी थुप्रै अपेक्षा गर्दैछौं । तर यी अपेक्षाहरू कुनै व्यक्ति समूह वा स्वार्थ केन्द्रित नहुन् र इतिहास नदोहोरियोस् भन्ने सबैको चिन्ता छ ।

राज्यभित्र सार्वजनिक सेवा सञ्चालन गर्ने कुनै स्थिर सिद्धान्त वा मापदण्ड हुँदैन। यो व्यवहारवादबाट बढी प्रभावित हुन्छ। लोकसेवाको योग्यता प्रणाली चाहिन्छ नै भन्ने कुनै स्थापित नीति छैन। यसले योग्यता प्रणालीलाई स्थिर राख्ने गर्छ तर सधैंभरि योग्यता तन्त्रलाई अपरिवर्तनीय बनाउने होइन। संस्थागत उत्तर दायित्व, पारदर्शिता ,कानुनको शासन लागु भएमा र राजनीति स्वयं विज्ञ र योग्य हुँदै गएमा लोकसेवा आयोग, अख्तियार दुरूपयोग अनुसन्धान आयोग जस्ता सरकार समानान्तर आयोगहरूको जरूरी हुँदैन । संसारमा सबै देशहरूमा यस्ता संस्था छैनन् पनि। जति शक्ति सत्ता र शासन प्रति अविश्वास बढ्यो यस्ता अङ्गहरूको सत्त्या बढ्दै जान्छ। यो असल शासन प्रणालीको गुण होइन। यस्ता अङ्गहरूलाई बढी तथष्ट उत्तरदायी बनाउनुपर्छ। कर्मचारी तन्त्रिय शर्तभित्र ल्याउनु हुँदैन। यो भविष्यमा प्रतिउत्पादक हुन सक्छ ।

हामीलाई युग सुहाउँदो कर्मचारीतन्त्र चाहिएको छ। ७२ सालपछि संघीयता त आयो तर मन्त्रालय घटेनन् । विभाग हटेनन्। प्रदेशमा मन्त्रालय बढे । केन्द्र समानान्तर संस्थाहरू प्रदेशमा समेत स्थापना भए । संस्थागत सुधार नभई कर्मचारीतन्त्रको विकृति सीमाबद्ध गर्न सकिँदैन। अहिले ४५००० भन्दा बढी करारका कर्मचारी छन् । स्थायी र करारको दोहोरो मापदण्डमा कर्मचारी आन्दोलित छन् । सचिवको पद बढाइएन । शाखा अधिकृतदेखि सहसचिवसम्मका पद यति बढाइए अब माथिल्ला पदमा प्रमोसन हुन झन्डै डेढ दशक सबै पदले पर्खिनुपर्छ। यो जस्तो अनुत्प्रेरक वातावरणमा कर्मचारी काममा कसरी उत्प्रेरित हुन सक्छ ? यसबाट कसरी गतिलो सेवा प्रवाह हुन सक्छ। सचिवको पदमा योग्य होइन। उमेर भएको बढुवा हुन्छ । माथिल्ला पदहरूमा उमेर र अनुभवको समेत अपरिपक्ता देखिन थालेको छ। यसले निर्णय प्रक्रियामा नराम्रो असर पारेको छ। अब सचिवको पदलाई योग्य बनाउनुपर्छ। यो योग्यता कार्यसम्पादन मूल्याङ्कनको भन्दा कार्यक्षमतालाई केन्द्रमा राख्नुपर्छ । यो पद योग्य नभई निजामती सेवाका अन्य पदहरू उत्तरदायी हुँदैनन् । सबै कर्मचारी बढुवा भएर सचिव,मुख्य सचिवसम्मरू पुग्न सक्छन् तर खराब कार्यसम्पादनको नकारात्मक मूल्याङ्कन हुनुपर्छ । तब मात्र कर्मचारी अनुशासित हुन्छन्। अहिलेको बढुवा प्रणाली नतिजामा आधारित छैन । आरक्षण लागू भएको झन्डै दुई दशक हुन लाग्यो । यसको पुनर्मूल्यांकन नभएमा यो भोलि अधिकारको रूपमा स्थापित हुन सक्छ । यसले अर्को समस्या निम्त्याउँछ । जुन छिमेकी देशहरूमा देखिँदैछ। यस्ता विषयमा चर्चा गर्ने साहस अहिले जरूरी छ ।

निजामती सेवा अन्य सेवाहरूको मियोको रूपमा रहन्छ। सैनिक, प्रहरी, शिक्षक, संस्थान र अर्धसरकारी निकायहरूमा समेत यो नीति पूर्ण वा आंशिक रूपमा लागू भएको हुन्छ। त्यसैले अहिलेको प्रविधि, विकास,

बाँकी पेज ३ मा

प्रेस काउन्सिलबाट 'क' वर्गको मान्यता प्राप्त
www.bikaskhabar.com
जि.प्र.का. मकवानपुर दर्ता नं. ५९/२०६५/०६६ म.जि.हु.दर्ता नं. २३/२०६६/०६७

# संघीय... ..

अन्तर्राष्ट्रियपरिवेश, रोजगारी, योग्यता, सामाजिक न्यायका लागि सेवाग्राही अनुकूल ऐन बनाउन चुनौतीपूर्ण छ । त्यसैले यो अवसर पनि हो। यसमा कर्मचारीलाई मात्र गाली गर्ने र र ाजनीतिलाई वक्र दृष्टिले हेर्ने मूल्य र हनु हुँदैन ।

सिद्धान्ततः प्रशासकीय र फौजदारी अभियोगको परिभाषा फरक छ । नैतिक पतन र भ्रष्टाचारको मुद्दामा अदालत आकर्षित हुन्छ। तर सबै प्रकृतिका मुद्दाहरू अहिले अदालत पुग्छन् । अख्तियार र अदालतको ऐन कानुन र मुद्दालाई हेर्ने दृष्टिकोण नै फरक छ । र मुद्दा फर्स्योटका आधार फरक छन् । प्रक्रिया र कानुनी त्रुटिका विषयमा पनि अपराधी झैँ पक्रने र अदालतमा म्याद थप गरेर निलम्बन गर्ने प्रक्रियाले कर्मचारीको डर बढेको छ। मनोबल खस्केको छ। असल नियतले गरेको कामको सुरक्षा सरकारले गर्नुपर्ने हो ।

तर कर्मचारीलाई कसरी दोषी ठहर्याउन सकिन्छ भन्ने आशय दोष लगाउने निकायहरूको हुन्छ । यसले कर्मचारी को मनोबल र न्याय प्राप्तिको उत्साह खस्केको छ । अहिले प्रशासकीय अदालत कहाँ छ । खोज्नुपर्छ । कर्मचारीका मुद्दा अदालतमा होइन प्रशासकीय अदालतमा जानुपर्छ। यहाँ कर्मचारीको गुनासो र मार्काको सही सुनवाई हुन्छ। अहिले त भ्रष्टाचारका मुद्दाको फर्स्योटमा नै शंका छ । यो आशंकालाई आउने ऐनले हटाउनुपर्छ ।

एउटा अमेरिकन प्रशासकले कसरी सेवाग्राहीलाई सेवा दिउँ भन्ने चिन्ता गर्छ। गरिबी देशका प्रशासकहरू कसरी प्रक्रिया र कार्यविधि पुऱ्याउ भन्ने मान्यता राख्छन। र नतिजामा फरक उत्तर आउँछ। कसरी सेवाग्राहीलाई सन्तुष्टि दिने ,विकासप्रति कर्मचारीलाई उत्प्रेरित गर ाउने र स्वार्थ र सम्बन्धबाट टाढा राख्ने, तथस्थ र पारदर्शिता मूलक बनाउने र व्यक्तिगत सोचभन्दा संस्थागत सोचमा कसरी पुर्याउने भन्ने विषय ऐनमा केन्द्रित हुनुपर्छ। यसका लागि कुन सिद्धान्त वा मापदण्ड होइन, विगतका विकृतिलाई हेरेर कुन बढी मौलिक र व्यवहारवादी हुन्छ त्यतातिर ध्यान दिनुपर्छ । सङ्घीय निजामती सेवा ऐनले कर्मचारी तन्त्रको प्रतिष्ठा उच्च बनोस् ।

कर्मचारी प्रशासनमा चाकरी, चाप्लुसी, सम्बन्ध, नजराना, भेटघाट बाट पजनी जस्ता राणाकालीन प्रवृत्तिलाई पञ्चायतले पनि आफ्नै ठान्यो। प्रजातन्त्रले यसलाई तेरो मेरो बनायो। शक्ति र प्राप्तिका आधारमा विभाजन गर्यो ।अहिले गणतन्त्रकालमा यो शक्ति सत्ता र पैसाको पिछलग्गु भएको छ। हाम्रो कर्मचारी तन्त्र आफ्नो योग्यतालाई भुलेर जनमुखी हुन सकेको छैन । अब यो विकृतिलाई हटाउने गरी संघीय निजामती सेवा आउनुपर्छ। र यसले भविष्यको लागि मात्र होइन, इतिहासका कमजोरीलाई समेत सच्याउन सक्नुपर्छ ।

*(लेखक दाहाल नेपाल सरकारका सहसचिव हुन् ।)*

# बिहान उठ्ने बित्तिकै फोन चलाउँदा के हुन्छ ?



आजकल स्मार्टफोन हाम्रो जीवनको अटूट हिस्सा बनिसकेको छ । स्मार्टफोन हाम्रो जिन्दगीमा यसरी हावी भइसकेको छ कि स्मार्टफोन बिना कुनैपनि काम चल्नसक्छ भन्ने लाग्दैन । दिनभर कुनै न कुनै कामका लागि फोनको प्रयोग गरिन्छ । धेरैजनाको बानी त बिहान उठ्ने बित्तिकै ओछ्यानमा रहँदा देखि नै फोन चलाउने हुन्छ। तर एकाबिहानै स्मार्टफोनको स्क्रिनमा गाडिने यस्तो बानी हाम्रो स्वास्थ्यका लागि निकै हानिकारक हुन्छ भन्ने धेरैलाई थाहा नहुन सक्छ ।

बिहान उठ्ने बित्तिकै स्मार्टफोन प्रयोग गर्ने बानीले प्रत्यक्ष रूपमा हाम्रो स्वास्थ्य, मानसिक स्वास्थ्य तथा व्यक्तित्वलाई प्रभाव पार्दछ । एकाबिहानै फोन हेर्ने बानीका नकारात्मक असरहरू यस्ता छन् :

## निद्राको गुणस्तर बिग्रिने

जब हामी सुतिरहेका हुन्छौँ, त्यसबेला हाम्रो दिमाग शान्त रहन्छ । त्यस्तोमा जब हामीले बिहानै फोनको स्क्रिन हेर्छौँ तब हाम्रो दिमाग अचानक सक्रिय हुन्छ र यसले हाम्रा दिमागका स्नायुसम्मै क्षति पुऱ्याउँछ । यदि यो बानी लामो समयसम्म रह्यो भने निद्राको गुणस्तर खराब हुने तथा सधै थकान महसुस भएको जस्तो समस्या पैदा हुन्छ ।

## उच्च तनाव

स्मार्टफोनमा सोसल मिडिया, समाचार, इमेल तथा विभिन्न खालका एपहरूका नोटिफिकेसन आइरहन्छन् । बिहानै उठेर यस्ता सूचना हेर्नाले तनाव अर्थात् स्ट्रेस बढ्न सक्छ । बिहानै यदि नकारात्मक खबर हेरियो भने त्यसबाट हाम्रो मस्तिष्क नकारात्मकताले भरिन्छ र दिनभरको मुड खराब हुन्छ ।

## उत्पादनशीलता घट्ने

यदि उत्पादनशीलता अर्थात् प्रडक्टिभिटी बढाउनु छ भने बिहानको समय सबैभन्दा धेरै उपयोगी हुन्छ । बिहानको समयमा हामीले आफ्नो पूरा दिनको योजना बनाउन सक्छौँ र त्यसलाई उत्कृष्ट बनाउन सक्छौँ। तर, जब हामीले बिहानै उठ्ने बित्तिकै फोनमा झुम्मिन थाल्छौँ, तब हाम्रो ध्यान भट्किन्छ र धेरै समय बर्बाद हुन्छ । यसबाट तपाईँको समय त बर्बाद हुन्छ नै काममा मन नलाग्दा उत्पादनशीलता पनि कम हुन्छ ।

## आँखाको समस्या

स्मार्टफोनको स्क्रिनबाट निस्किने निलो प्रकाश हाम्रो आँखाको लागि निकै हानिकारक हुन्छ। बिहान स्मार्टफोनको प्रयोग गर्दा आँखामा जलन हुने, सुन्निने र धमिलोपन जस्ता समस्या उत्पन्न हुन्छ ।

त्यसैले बिहान उठ्ने बित्तिकै स्मार्टफोन चलाउनुको साटो अन्य विभिन्न गतिविधिमा ध्यान दिनु आवश्यक हुन्छ। बिहानको समयमा योगा, ध्यान, व्यायाम आदि गरेर आफ्नो दिनको सुरूवात गर्नुपर्छ। यसबाट हाम्रो दिमाग शान्त रहन्छ, राम्रो निद्रा पर्छ र उत्पादनशीलता पनि बढ्दछ । *–एजेन्सीको सहयोगमा*

# यस कारण जोखिम हुन्छ ७ प्रकारका क्यान्सर

मदिराको सेवनले ७ प्रकारका क्यान्सरको जोखिम बढाउने नयाँ अध्ययनले दर्शाएको छ। अमेरिकाको स्वास्थ्य तथा मानव सेवा विभागले गरेको एक अध्ययनले त्यस्तो दर्शाएको हो ।

अमेरिकी जनरल सर्जन डा विवेक मूर्थीले शुक्रबार मद्यपानले क्यान्सरको जोखिम बढाउन सक्ने चेतावनी दिएका छन् । साथै, उनले मद्यपेय पदार्थमा अद्यावधिक स्वास्थ्य चेतावनी लेबल र ाख्नुपर्ने माग पनि गरेका छन् । यहाँसम्म कि हल्का मद्यपानको पनि कुनै लाभ छैन, र यसले हानि पुऱ्याउन सक्छ । मद्यपानले कम्तिमा ७ प्रकारका क्यान्सरको जोखिम बढाउँछः

- मुख (ओरल क्याविटी)
- घाँटी (इसोफेगस)
- स्तन (महिलामा)
- कलेजो
- गला (फ्यारिंक्स)
- स्वरयन्त्र (ल्यारिंक्स)

## मद्यपानले क्यान्सर कसरी निम्त्याउँछ?

**मेकानिज्म १:** मद्यपानले शरीरमा एसिटाल्डिहाइड उत्पादन गर्छ, जसले डी.एन.ए (डीएनए)मा क्षति पुऱ्याउँछ र क्यान्सरको जोखिम बढाउँछ ।

**मेकानिज्म २ :** मद्यपानले अक्सिडेटिभ तनाव बढाउँछ, जसले डी.एन.ए, प्रोटिन र कोषहरूलाई क्षति पुऱ्याएर र शरीरमा सुजन बढाएर क्यान्सरको जोखिम बढाउँछ ।

**मेकानिज्म ३:** मद्यपानले शरीरका विभिन्न हर्मोनको स्तर परिवर्तन गर्छ, जसमा एस्ट्रोजेन पनि पर्छ। यसले महिलामा स्तन क्यान्सरको जोखिम बढाउँछ ।

**मेकानिज्म ४:** मद्यपानले शरीरमा कार्सिनोजेनहरूको अवशोषण बढाउँछ ।

## मद्यपानको मात्राको वृद्धिसँगै बढ्छ क्यान्सरको जोखिम

दिनको दुई गिलास मद्यपान गर्ने १०० मध्ये करिब ५ महिलामा क्यान्सर हुने सम्भावना हुन्छ ।

दिनको दुई गिलास मद्यपान गर्ने १०० मध्ये करिब ३ पुरूषमा क्यान्सर हुने सम्भावना हुन्छ ।

मद्यपानको असर पुरूष र महिलामा दुवैमा देखिन्छ, तर महिलामा यसको जोखिम अझ बढी हुन्छ ।

## महिलामा मद्यपानले क्यान्सरको जोखिम बढी हुने कारण

महिलाको शारीरिक बनावट पनि एक कारण हो । महिलाको शारीरिक आकार सामान्यतया सानो हुने भएकाले समान मात्रामा मद्यपान गर्दा महिलाको रक्तमा मद्यपानको मात्रा उच्च हुने र शरीरका हरेक कोषमा मद्यपानको असर बढी हुने देखिन्छ ।

साथै, महिलामा शरीरको बोसोको मात्रा पुरूषभन्दा बढी हुने हुँदा मद्यपानले महिलामा बढी असर पुऱ्याउँछ ।

महिलामा मद्यपानले स्तन क्यान्सरको जोखिम बढाउँछ

दिनको दुई गिलास मद्यपान गर्दा १०० मध्ये करिब ४ महिलामा स्तन क्यान्सरको सम्भावना हुन्छ । नवीनतम आइ.ए.आर.सी रिपोर्टले विश्वभरि वार्षिक रूपमा हुने ७५,००० मध्ये करिब २० प्रतिशत ओठ र मुखका क्यान्सर मद्यपानका कारण हुने बताएको छ ।

मद्यपानले शरीरलाई क्यान्सरबाट जोगाउन सहयोग गर्ने बी भिटामिन र फोलेटजस्ता महत्त्वपूर्ण पोषक तत्वको मात्रा पनि घटाउँछ । मद्यपान एक शक्तिशाली विलायक पनि हो, त्यसैले जब यो अन्य क्यान्सरजनक पदार्थहरू जस्तै चुरोटसँग सम्पर्कमा आउँछ, तब यसले ती उत्पादनहरूबाट क्यान्सर उत्पन्न गर्ने पदार्थहरूको उच्च स्तर निकाल्छ र तिनीहरूको प्रभावलाई अझ शक्तिशाली बनाउँछ। यसले कुनै पनि प्रकारको सुर्तीजन्य पदार्थ सँग खतरनाक मिलावोट बनाउँछ र जसमा धुवाँ नआउने सुर्तीजन्य पदार्थ पनि पर्दछ ।

नगरौं विवाहका कुराः
भएको छैन बीस वर्ष पुरा
बालविवाह सामाजिक अपराध हो, बालविवाह नगरौं, नगराऔं ।


बालविवाह गर्नु वा गराउनु सामाजिक अपराध हो र यो दण्डनीय छ । बालविवाह गरे वा गराएको पाइएमा नजिकको प्रहरी/वडा कार्यालय, बालक्लव, बालसञ्जालमा खबर गरौं । बालविवाह रोकौं, बालबालिकाको सुनौलो भविश्य निर्माणमा आजै देखि सबै लागौं ।
"सानै छु बढन देउ, विवाह हैन पढन देउ"
थाहा नगरपालिका
सामाजिक विकास शाखा
इन्द्रायणी चौर, मकवानपुर

थाहा नगरपालिकाको सूचना !

- आफ्नो घर भान्छाको फोहर सड्ने र नसड्ने (प्राङ्गारिक, अप्राङ्गारिक) गरि विभाजन गरौं । सड्ने फोहरलाई मल बनाऔं । नसड्ने फोहरलाई बर्गिकरण गरि महानगरपालिकाको फोहर बोक्ने गाडीमा पठाऔं ।
- महानगर क्षेत्रभित्र हर्नको प्रयोग नगरौं । ध्वनी प्रदुशणको न्युनिकरणमा सबै सचेत बनौं ।
- जथाभावी सडक पेटीमा फोहर नफालौं, सम्भावित जरिवानाबाट बचौं ।
- सडेगलेका बस्तु बिक्रि वितरण र प्रयोग नगरौं ।
- पशु चौपायाहरुलाई खुला र छाडा नछाडौं ।
- सडकपेटी र बाटो अवरुद्ध हुनेगरि निर्माण लगायत कुनैपनि सामाग्री नराखौं ।
- १६ बर्षभन्दा कम उमेरका बालबालिकालाई श्रममा नलगाऔं ।
- भूकम्प प्रतिरोधात्मक संरचना र आवास निर्माण गरौं ।
- खुल्ला राखिएका, फोहरपानी प्रयोग गरिएका, झिंगा भन्केका माछा मासु खरिद बिक्रि नगरौं/नगराऔं ।
- घर तथा भवन निर्माण पूर्व आफ्नो जग्गाको भूबनोट आदिमा विचार पुऱ्याऔं । विज्ञ प्राविधिकहरुको राय सल्लाह लिएर मात्र कार्य गरौं ।
- समयमै कर तिरौं । सभ्य नागरिकको परिचय दिऔं ।
- जन्म, मृत्यु, विवाह, बसाईसराई लगायतका घटनादर्ताहरु समयमै गरौं ।

थाहा नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
इन्द्रायणी चौर, मकवानपुर

# मनहरीलाई ५ वटा विद्यालयलाई बालसंरक्षण नीति हस्तान्तरण गर्यो




◆ विकास संवाददाता

मकवानपुरको मनहरी गाउँपालिका र सिविन नेपाल मकवानपुरले संयुक्तरूपमा निर्माण गरेको विद्यालय बाल संरक्षण नीति हस्तान्तरण गरिएको छ । मनहरी-३ स्थित लामिटारमा रहेको सभाहलमा एक कार्यक्रमको आयोजना गरी ९ वटा विद्यालयलाई बालसंरक्षण नीति हस्तान्तरण गरिएको हो ।

मनहरी गाउँपालिकाको शिक्षा शाखासँगको समन्वयमा बालबालिका क्षेत्रमा लामो समयदेखि काम गर्दै आइरहेको सिविन नेपाल मकवानपुरले निर्माण गरेको नीति गाउँपालिकाको ५ वटा वडामा रहेको आधारभूत र माध्यमिक विद्यालयलाई समटेर नीति निर्माण गरेको थियो ।

नीतिपुस्तिका ग्रहण गर्दै विद्यालयले पुस महिनाभित्रमा लागू गरिसक्ने प्रतिबद्धता जनाएको छ । मनहरी गाउँपालिका वडा नम्बर १ म रहेको बालजीवनज्योति मावि र जनज्योति आधारभूत विद्यालय, मनहरी-३ मा रहेको महेन्द्रज्योति मावि, प्रजा आधारभूत विद्यालय, वडा नंम्बर ५ मा रहेको भोजसिद्ध मावि, वडा नम्बर ७ मा रहेको राष्ट्रिय रोटरी मावि, ब्रह्मकाली आधारभूत विद्यालय, राष्ट्रिय मावि रमनटार र मनहरी-९ मा रहेको युवावर्ष आधारभूत विद्यालयले गाउँपालिकाको शैक्षिक गुणस्तर बृद्धि र बालबालिकाको स्तरीयशिक्षाका लागि बालसंरक्षण नीतिलाई अक्षरस पालना गर्ने प्रतिबद्धता जनाएका थिए ।

नीति निर्माणका लागि सिविन नेपाल मकवानपुरले पहिलो चरणमा ९ वटै विद्यालयका प्रधानाध्यापक, विद्यालय व्यवस्थापन समितिका अध्यक्षहरू तथा सरोकार वालालाई समेटेर ४ दिने तालिम समेत सञ्चालन गरेको थियो । साथै दोस्रो चरणमा सिविन र गाउँपालिकाको प्रतिनिधि प्रत्येक विद्यालयमै पुगी अभिभावक, विद्यार्थी र शिक्षकसँग अन्तरक्रिया, छलफल र सुझाव संकलन गरी नीतिको पहिलो प्रारूप तयार पारिएको थियो । सम्बन्धित सबैको सुझावको आधारमा प्रत्येक विद्यालयको फरक-फरक अवस्थालाई समेटेर सिविन नेपालको विषयविज्ञले नीतिलाई अन्तिम रूप दिई हस्तान्तरण गरिएको हो । नीति हस्तान्तरण गर्दै मनहरी गाउँपालिकाकी उपाध्यक्ष सीता पुलामीमगरले बालसंरक्षण नीतिले गाउँपालिकाको शैक्षिक क्षेत्रको आमूल परिवर्तन हुनेमा विश्वास व्यक्त गरिन् । नीतिलाई सफल बनाउन अभिभाव र विद्यार्थीको ठुलो भूमिका हुने भएकाले सबैको सहयोगको आवश्यक रहेको बताइन् ।

# कैलाशमा मकवानपुरमै पहिलो पूर्ण सरसफाई उन्मुख तथा सुरक्षित खानेपानीयुक्त टोल घोषणा




◆ विकास संवाददाता

खानेपानी तथा सरसफाईका लागि तोकिएको सूचकको पालना गर्दै मकवानपुरको कैलाश गाउँपालिकाका विभिन्न टोलबाट पूर्ण सरसफाई उन्मुख तथा सुरक्षित खानेपानीयुक्त टोलको घोषणा गरिएको छ । १२ पुसमा कैलाश गाउँपालिका-९ को बिर्ता, अम्बोटे र बरेटार टोललाई पूर्ण सरसफाई उन्मुख घोषणा गरिएको हो ।

मकवानपुरमै पहिलो पटक कैलाश गाउँपालिका-२ को रानाटोल र बुढौलीटोल बिहीबार पूर्ण सरसफाई उन्मुख तथा सुरक्षित खानेपानीयुक्त टोल घोषणा गरिएकोमा शुक्रबार कैलाश-९ का थप ३ वटा टोललाई पूर्ण सरसफाई उन्मुख टोल घोषणा गरिएको गाउँपालिकाका अध्यक्ष लोकबहादुर मोक्तानले जानकारी दिए । कैलाश-९ मा वडाध्यक्ष भुवनसिं घलानको अध्यक्षतामा भएको घोषणा सभामा गाउँपालिकाका अध्यक्ष लोकबहादुर मुक्तानको प्रमुख आतिथ्यता रहेको थियो । कार्यक्रममा बोल्दै गाउँपालिकाका अध्यक्ष लोकबहादुर मुक्तानले विकट गाउँमा खानेपानीको पहुँचबाटै टाढा रहेको नागरिकलाई खानेपानी र सरसफाई सम्बन्धी काम गर्नु चुनौतीपूर्ण भएता पनि आरआरएनसँगको सहकार्यमा टोलटोलमा कामहरू गर्न सफल भएको बताए । हरेक टोललाई पूर्ण सरसफाई र सुरक्षित खानेपानीयुक्त टोल बनाउनको लागि संस्थासँग निरन्तर सहकार्य गर्ने उनले प्रतिवद्धता जनाए ।

नेपाल ग्रामीण पुनर्निमाण संस्था (आरआरएन) सँगको सहकार्य र कैलाश गाउँपालिले सरसफाई उन्मुख तथा सुरक्षित खानेपानीयुक्त टोल घोषणा गरेको हो । मकवानपुरको पहाडी क्षेत्रमा खानेपानी सरसफाई तथा स्वच्छता प्रणालीको सुद्धीकरण र व्यवहार परिवर्तन परियोजनाअन्तर्गत आरआरएनले कैलाशमा अभियान चलाएको थियो । सो क्रममा गाउँपालिका कार्यालयसँग सहकार्यमा टोलहरूमा खानेपानी र स्वच्छतासम्बन्धी कार्यक्रमहरू सञ्चालन गरिएको थियो ।

कार्यक्रममा गाउँपालिकाका उपाध्यक्ष बालकुमार मल्ल, आरआरएनका कार्यक्रम संयोजक लीलबहादुर कार्कीलगायतले मन्तव्य व्यक्त गरेका थिए ।

# प्रदेश खानेपानी मन्त्री खड्काले भने– 'योजना छनोटको विधि नै गलत'

◆ विकास संवाददाता

बागमती प्रदेशका खानेपानी, ऊर्जा तथा सिचाई मन्त्री श्यामबहादुर खड्काले योजना छनोटको विधि नै गलत भएको बताएका छन् । मकवानपुरगढी गाउँपालिका-४ मा रहेको वाइवा डाँडा लिफ्टीङ सिंचाई उपभोक्ता समितिको ट्याङ्कीको १० पुसमा शिलान्यास गर्दै उनले व्यक्ति-व्यक्तिले योजनाको माग गर्दा कार्यान्वयनको पाटो फितलो भएको बताए । आवश्यकताको आधारमा योजना छनोट गर्नुपर्नेमा मन्त्री खड्काले जोड दिएका छन् ।

निर्वाचित जनप्रतिनिधी, समाजसेवी, बुद्धीजिवी, स्थानिय उपभोक्ताहरूको छलफलबाट नै अधिकतम लाभ प्राप्त हुने योजना छनौट गर्नुपर्ने उनको भनाई छ । सम्पन्न भइसकेका योजनाहरूको संरक्षण र सदुपयोगमा पनि ध्यान दिन मन्त्री खड्काले आग्रह गरे । मन्त्री खड्काले ट्याङ्की निर्माण पश्चात् तीनसय रोपनी जमिनमा सिचाईको सुविधा पुग्ने बताएका छन् । कुल २० लाखमा १ लाख ५० हजार लिटर क्षमता भएको ट्याङ्की



निर्माण गर्न लागिएको समितिका अध्यक्ष राजकुमार योञ्जनले जानकारी दिए ।

ट्याङ्की निर्माण पश्चात् ३ ठाउँबाट पानी वितरण गर्न थप १ करोडको आवश्यकता पर्ने समितिले जनाएको छ । कार्यक्रममा जलस्रोत तथा सिचाई विकास डिभिजन कार्यालय मकवानपुरका कार्यालय प्रमुख निर्मल दाहाल, नेपाली कांग्रसका नेता आनन्दराम पराजुली, वडा अध्यक्ष अर्जुन प्रसाद तिमल्सिनालगायत स्थानीयहरूको सहभागिता रहेको थियो ।

# कृषक समूहलाई कृषि एम्बुलेन्स

◆ विकास संवाददाता

किसानले उत्पादन गरेका सामग्रीलाई सहज ढंगबाट बजारीकरणमा सहयोग पु¬याउने उद्देश्य अनुरूप हेटौंडा उपमहानगरपालिकाले चिस्यान सहितको कृषि एम्बुलेन्स हस्तान्तरण गरेको छ । संघीय सरकारको कृषि तथा पशुपंक्षी विकास मन्त्रालय मार्फत पालिकामा चिस्यान सहितको कृषि एम्बुलेन्स खरिदका लागि आएको १९ लाख रूपियाँमा थप गरी खरीद गरेको कृषि उत्पादन बोक्ने सवारी हेटौंडा १३ को आधामार कृषक समुहलाई हस्तान्तरण गरेको हो ।

संघबाट आएको पैसामा उपमहानगरको कार्यपालिका बैठकले थप रकम लगानी गरी खुल्ला प्रतिशपर्धा मार्फत ३४ लाख ९० हजार रूपियाँको लागतमा खरीद भएको कृषि एम्बुलेन्स मंगलबार आधामार कृषक समुहका अध्यक्ष फेन्चु लामालाई हस्तान्तरण गरीएको हो ।

गत आर्थिक बर्ष २०८०/०८१ मा खरीद गरीएको कृषि एम्बुलेन्स सञ्चालनका लागि उपमहानगरले सुचना जारी गरेपछि परेको २ वटा कृषक समुह मध्य मुल्याङकनका आधारमा आधामारलाई योग्य मान्दै हस्तान्तरण गरीएको उपमहानगर कृषि शाखाका प्रमुख प्रदिप रेग्मीले बताए । उनका अनुसार चिस्यान सहितको एम्बुलेन्स भएकाले फलफुल, तरकारी सहितको उत्पादनलाई स्वच्छ ढंगबाट बजार सम्म लैजानका लागि आधामार योग्य देखिएकाले सञ्चालनको जिम्मेवारी दिइएको हो ।

एम्बुलेन्स हेटौंडा उपमहानगर पालिकाका नगर प्रमुख मीनाकुमारी लामा, उपप्रमुख राजेश बानियाँ, हेटौंडा-१७ का अध्यक्ष उद्धब सत्याल र उपमहानगरका प्रमुख प्रशासकीय अधिकृत सुर्यप्रसाद गौतमले चाबि र सम्झौता पत्र हस्तान्तरण गरेका थिए । हस्तान्तर गर्दै नगर प्रमुख लामाले न्युनतम मुल्य राखेर सञ्चालन हुने एम्बुलेन्सका कारण यस क्षेत्रमा रहेका कृषकहरूको उत्पादनलाई सहज ढंगबाट बजार सम्म ल्याउन सहयोग पुग्ने बिश्वास व्यक्त गरीन गरीन् ।

अब हाम्रै थाहानगरको ओखरबजारमै
छपाईको शुभारम्भ
फ्लेक्स प्रिन्ट
काठमाण्डौं, हेटौंडा धाउनै पर्दैन...
अत्याधुनिक नयाँ मेसीनद्वारा १ घण्टा भित्र बोर्ड,ब्यानर तयार
AARAV creation
DESIGN FLEX PRINT PHOTOGRAPHY
Thaha-1, Okharbazar, 9855068340/9802068340
हाम्रा अन्य सेवाहरू
फ्लेक्स प्रिन्ट (ब्यानर/साइनबोर्ड)
होर्डिङ बोर्ड/स्टिकर प्रिन्ट/
फ्लेक्स फोटो/मायाको चिनो तयारी
प्रमाण-पत्र/कदर-पत्र/प्रशंसा पत्र तयारी
कार्यक्रमको ब्याच तयारी
विभिन्न डिजाइनका फ्रेमिङ
फोटो स्टुडियो/पि.भि.सी. कार्ड
9855068340/9802068340

प्रेस काउन्सिलबाट 'क' वर्गको मान्यता प्राप्त
जि.प्र.का. मकवानपुर दर्ता नं. ५९/२०६५/०६६ म.जि.हु.दर्ता नं. २३/२०६६/०६७

# ऐसेलुखर्कमा अन्तरपालिका स्तरीय भलिबल प्रतियोगिता हुने

◆ विकास संवाददाता

थाहा नगरपालिकाको वडा नं. ८ ऐसेलुखर्कमा मिनी महोत्सव सहित अन्तर पालिका स्तरीय भलिबल प्रतियोगिता सहित विविध सांस्कृतिक प्रस्तुती हुने भएको छ। नमुना जनजागरण युवा क्लव र खेलकुद विकास समिती थाहा ८ को आयोजनामा प्रतियोगिता सहित बिबिध कार्यक्रम हुने भएको हो ।

आग्राको पर्यटनलाई चिनाउनको लागि महोत्सव आयोजना गर्न लागिएको आयोजक समितिका सल्लाहकार रामकुमार घलानले बताए । घलानका अनुसार हाल थाहा नगरपालिकाको वडा नं. ७ र ८ तथा तत्कालीन आग्रा गाबिसमा रहेको पौराणिक,ऐतिहासिक तथा धार्मिक पर्यटकिय स्थलहरूको प्रचार प्रचार र आन्तरिक पर्यटन प्रवर्द्धन गर्न महोत्सव आयोजना गर्न लागिएको बताए ।

आग्रामा डाँडाँबास पार्क,स्तम्भ डाडा बुद्ध पार्क, सप्तकन्या गुफा,काला कण्ठेश्वर महादेवको मन्दिर,गोक्सेखानी भग्नावसेस दरबार, बथानचुली झण्डाचुली, उन्यु चौर, कैलाश डाडा, ६४ ज्योतिर लिङ्ग मध्यको एक कुटेश्वर महादेव र नेपालकै तेस्रो झोलुङ्गे पुल अवलोकन तथा घुमफिर गर्न सकिने घलानले बताए । आयोजकले दिएको जानकारी अनुसार २८६१ औं सोनाम ल्होछारको अवसरमा कैलाश गाउँपालिका, राक्सिराङ गाउँपालिका, थाहा नगरपालिका र थाक्रे गाउँ पालिकास्तरीय भलिबल प्रतियोगिता सहित कार्यक्रम हुने भएको हो ।

२०८१ पौष २८ गते देखि माघ २ गतेसम्म थाहा नगरपालिका वडा न ८ को ऐसेलुखर्कमा कार्यक्रम हुने आयोजकले जानकारी दिएको छ । राष्ट्रिय कलाकारहरू गायिका शान्ता रानी परियार, जितु लोप्चन, बाबुकृष्ण परियार, सानू केसी, सर्मिला गुरूङ (सरू), रजनी लामा र डान्सरहरू ममता रानामगर, पुजा सुनार, सविना राई, उद्घोषक पिम्सरा आले मगर र राममाया वाइवा सहित स्थानीय कलाकारहरूको बेजोड प्रस्तुती रहने आयोजकले जनाएको छ ।

कार्यक्रममा तामाङ खाना,तामाङ संस्कृति झल्कने विभिन्न झाकी सहित बिबिध स्टलहरू रहने छ । महोत्सव आयोजनाबाट खेलाडी उत्पादन र पर्यटकीय क्षेत्रको उत्थान हुने आयोजकको विश्वास रहेको छ ।

# थाहानगरका दुई विद्यालयका विद्यार्थीलाई लायन्सद्वारा न्यानो कपडा वितरण

◆ विकास संवाददाता

लायन्स क्लव अफ काठमाडौं आरम्भ देउरालीले मकवानपुरको थाहानगरका दुई विद्यालयका विद्यार्थीहरूलाई न्यानो कपडा वितरण गरेको छ । पौष १४ गते थाहा ११ स्थित कालिदेवी प्राविका ४९ जना र थाहा ९ स्थित जलदेवी प्राविका ४७ जना विद्यार्थीहरूलाई ट्रूकसेट, टोपी, कापीकलम वितरण गरेको हो ।

कार्यक्रम लायन्स क्लव अफ थाहा पिसले समन्वय गरेको हो । काठमाडौं आरम्भ देउरालीका अध्यक्ष यमकुमारी र ानाभाटको अध्यक्षतामा दुवै विद्यालयमा भएको कार्यक्रममा प्रमुख अतिथि लायन्स क्लव अन्तर्राष्ट्रिय ३२५ एमका सेकेन्ड भाइस गभर्नर रत्न पराजुली, सेक्रेटरियट चिफ उदय कुमार नेपालको चिफ एड्भाइजर माधव पाण्डे, गिता शर्मा चापागाई, डिपार्टमेन्ट हेड तथा थाहा पिसका संस्थापक अध्यक्ष सुरेन्द्रमान प्रधान, डिपार्टमेन्टको हेड कल्पना घिमिरे, रिजन चियर पर्सन दुर्गा थापा केसी, आरम्भ देउरालीका प्रथम उपाध्यक्ष कल्पना थापा, थाहा पिसमा द्वितीय उपाध्यक्ष निरज रायमाझी, सचिव दिपक थिङले न्यानो कपडा वितरण गरेका हुन् ।

कार्यक्रममा डिपार्टमेन्ट हेड तथा थाहा पिसका संस्थापक अध्यक्ष सुरेन्द्रमान प्रधानले लगातार ३ वर्षदेखि थाहाका ६ वटा विद्यालयमा न्यानो कपडा वितरण गरिसकेको बताँदै गरिब विद्यार्थीहरूको शिक्षाका लागि निरन्तर लागिरहने बताए। कार्यक्रममा को चिफ एड्भाइजर गीता शर्मा चापागाईंले आफूहरूको रोजाइ मकवानपुरको थाहा नगर पालिकाका ग्रामीण क्षेत्र रहेको बताइन् ।



सेक्रेटेरियट चिफ उदय कुमार नेपालले न्यानो कपडा मात्र नभई अन्य सहयोगको अपेक्षा भए लायन्स क्लव साथमा रहने बताए । प्रमुख अतिथि रत्न पराजुलीले लायन्स क्लव मार्फत मकवानपुरको ग्रामीण क्षेत्रमा सेवा गर्ने अवसर मिलेकोमा खुसी व्यक्त गरे । आरम्भ देउरालीका अध्यक्ष यमकुमारी रानाभाटले आफ्नो कार्यकालमा पनि थाहा नगरमा आएर सेवा गर्न पाएकोमा खुसी व्यक्त गरे । आरम्भ देउरालीले यस अघि थाहा ११ कै नागछेडा, १२ को लिति, थाहा १ को झम्केश्वरी, थाहा ४ को महांकालमा न्यानो कपडा वितरण गरिसकेको छ ।

# अहिलेको सरकार बेथिति र भ्रष्टाचारमा चुर्लुम्म डुब्यो-सापकोटा

◆ विकास संवाददाता

नेकपा (माओवादी केन्द्र)का केन्द्रिय सदस्य तथा प्रतिनिधिसभा सदस्य माधव सापकोटा 'सुबोध'ले वर्तमान सरकार बेथिति र भ्रष्टाचारमा चुर्लुम्म डुबेको बताएका छन् । 'यसका विरूद्ध माओवादी केन्द्रले देशैभर खबरदारी सभा मार्फत खबरदारी गरिरहेको छ' सांसद सापकोटाले भने-'जनतामा माओवादी, काँग्रेस, एमाले भन्ने पार्टी एउटै हो भन्ने भाष्य बन्न गएको हुँदा त्यसको स्पष्टताका लागि देशैभर खबरदारी कार्यक्रम शुरू गरिएका छौं ।' १० पुसमा मकवानपुरको थाहानगरपालिका वडा नम्बर ७ बतासे डाँडामा आयोजित खबरदारी सभामा सपकोटाले यस्तो बताएका हुन् ।

माओवादीले १८ महिना सरकारमा रहेर प्रचण्ड नेतृत्वको सरकारले गरेको काम कै कारण जनताको माओवादीप्रतिको आश जिवितै राखेको बताउँदै उनले त्यो आशलाइ मर्न नदिने उल्लेख गरे। प्रचण्ड नेतृत्वले १८ महिने सरकारमा कुनै पनि भ्रष्टचार गरेको भए अहिलेको सरकारले कारबाही गरेर देखाउन सापकोटाले चुनौति दिए । छानबिन गर्दै जाँदा प्रचण्डको पनि पछिल्लो पटक नेपालको सहकारी प्रकरणहरूको प्रसंग कोट्याउँदै सापकोटाले थपे-'वर्तमान सरकारले कानुनको आवरणमा दमन गरिरहेको छ ।' माओवादी केन्द्र थाहा नगरपालिका वडा नम्बर ७ का अध्यक्ष मानबहादुर लो को अध्यक्षतामा सम्पन्न खवरदारी सभामा माओवादी मकवानपुर जिल्ला इन्चार्ज विजय गौतम, प्रदेश सदस्य तथा थाहानगर इन्चार्ज लवशेर बिष्ट, प्रदेश सदस्य तथा थाहानगर प्रमुख विष्णु बहादुर विष्ट, केन्द्रिय सहकारी विभागका विष्णुहरि ढकाल जंगली, जिल्ला समन्वय समिती सदस्य अरूण रायमाझी, बिनायक गोले, वाइसीएल केन्द्रिय सदस्य अरूण मोक्तान, माओवादी केन्द्र नगर अध्यक्ष बिनोद कुमार लामाले सभालाई सम्बोधन गरेका थिए ।

यसैबीच खवरदारी सभाको अवसरमा नेकपा एमालेका थाहानगर सदस्य सानुकान्छा थिङ, नेपाली काग्रेसकी चन्चली बिक सहितविभिन्न व्यक्तिहरू माओवादीमा प्रवेश गरेका छन् । नव प्रवेशीहरूलाई कार्यक्रमका प्रमुख अतिथी सापकोटा, जिल्ला इन्चार्ज बिजय गौतम, थाहानगर अध्यक्ष बिनोद कुमार लामालगायतकाले टीका तथा माला लगायर स्वागत गरेका थिए ।

## जेसिजको शुभकामना कार्यक्रम

◆ विकास संवाददाता

नेपाल जेसिजका राष्ट्रिय उपाध्यक्ष कार्कीलाई थाहानगरमा बधाई र शुभकामना नेपाल जेसीजको राष्ट्रिय उपाध्यक्षमा निर्वाचित थाहानगरका संगम कार्कीलाई पालुङ जेसीजले बधाई तथा शुभकामना प्रदान गरेको छ । नेपाल जेसिजको सुनसरीमा ८ पुसमा सम्पन्न ५१औं राष्ट्रिय महाधिवेशनबाट कार्की राष्ट्रिय उपाध्यक्ष पदमा विजयी भएका हुन् । उनी पालुङ जेसीज बर्ष २०२३ का अध्यक्ष समेत हुन् ।

पालुङ जेसिजले थानाबजार स्थित गंगा होटलमा ११ पुसमा एक कार्यक्रमको आयोजना गरी उपाध्यक्ष निर्वाचित कार्कीलाई बधाई तथा शुभकामना दिएको हो । पालुङ जेसीज वर्ष २०२४ का अध्यक्ष निरज रायमाझीको अध्यक्षता तथा थाहा नगरपालिकाका उपप्रमुख भरत गोपालीको प्रमुख आतिथ्यतामा कार्यक्रम भएको हो ।

थाहा नगरपालिकालाई नमुना बनाउन हातेमालो गरौं ।

- जन्म, मृत्यू, बिवाह, बसाईसराई र सम्बन्धविच्छेद जस्ता व्यक्तिगत घटनासमयमै दर्ता गरौं ।
- खानेपानिका मुहान, संरचनाहरु सफा र सुरक्षित राखौं, आगलागि तथा बाढीपहिरो जस्ता प्राकृतिक प्रकोपमा सावधानी अपनाऔं ।
- नगरपालिकाभित्र सञ्चालन हुने सबै प्रकारका व्यापार व्यवसाय नगरपालिकामा दर्ता गरेर मात्र सञ्चालन गरौं ।
- बालश्रम, बालबिवाह रोकौं, निर्णायकमा बालबालिका सहभागीता थपौं ।
- बालवालिकाको पालपोशण र शिक्षामा लगानि गरौं ।
- समयमै कर तिरौं सभ्य नागरिकको परिचय दिऔं ।
- हरेक बालवालिकाले शिक्षा पाउनु उनिहरको नैसर्गिक अधिकार हो, त्यसैले बिधालय भर्ना गर्न उमेर पुगेका आफना नानिबाबुहरुलाई समयमै विधालय पठाऔं ।
- नगरपालिकालाई बालमैत्रि बनाउने अभियानमा सहभागी बनौं ।
- छोराछोरीमा भेदभाव नगरौं, सबै बालबालिकालाई विधालय पठाऔं ।
- घरेलु हिंसा विरुद्ध डटेर लडौं, सभ्य समाज निर्माणमा सहयोग गरौं ।
- नियमित रुपमा लगाउनुपर्ने खोपहरु स्वास्थ्यसस्थामा बच्चालाई लिई समयमै खोप लगाई बाल मृत्यूदर घटाऔं ।
- आ-आफ्नो घर वरिपरि आफै सफा सुग्घर गरौं । स्वच्छ र शान्त वातावरण कायम गरौं ।
- प्रत्येक घरधुरि, संघसस्था, सार्वजनिक स्थानहरुमा चर्पि निर्माण गरी चर्पीमा मात्र दिसापिसाव गरौं ।

थाहा नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
इन्द्रायणी चौर, मकवानपुर



## चिया खेती सम्बन्धी कृषि विकास शाखाको सूचना !

सूचना प्रकाशित मिति २०८१/०८/१९

यस थाहा नगरपालिका कृषि विकास शाखा ईन्द्रायणी चौर, मकवानपुरको आर्थिक वर्ष २०८१/०८२ को स्वीकृत वार्षिक कार्यक्रम अनुसार चिया खेती व्यवस्थापन कार्यक्रम तपसिलको वडामा संचालन गर्नुपर्ने भएकोले सम्बन्धित वडाका कृषक समूह, कृषि सहकारी, कृषि फर्मले यो सूचना प्रकाशित मितिले ३० दिन भित्र तपसिलमा उल्लेखित आवश्यक कागजात सहित यस कार्यालयमा रीतपूर्वक निवेदन पेश गर्नका लागि यो सूचना प्रकाशित गरिएको छ ।

तपसिल:

| सि.नं. | कार्यक्रमको विवरण | बजेट (रु.हजारमा) | कार्यक्रम सञ्चालन हुने स्थान |
|---|---|---|---|
| १. | चिया खेती व्यवस्थापन | ५७६.० | थाहा नगरपालिका वडा नं. ३ र ११ |

आवश्यक कागजातहरु:

१. निवेदन- १ प्रति (लेटरहेडमा अध्यक्ष वा प्रोपाइटरको नाम, मोबाइल नम्बर र समुह/सहकारी/फर्मको पान नं. अनिवार्य)
२. कृषक समुह/कृषि सहकारी/कृषि फर्मको दर्ता प्रमाणपत्रको दुबैतिर देखिने गरी प्रतिलिपि-१ प्रति
३. कृषक समुह/कृषि सहकारीको बैठकको निर्णय प्रतिलिपि-१ प्रति
४. कर चुक्ता प्रमाणपत्र प्रतिलिपि-१ प्रति
५. कृषि फर्मको हकमा व्यवसाय दर्ता प्रमाणपत्र यस आ.व. को नविकरण भएको प्रमाणपत्रको प्रतिलिपि-१ प्रति
६. सम्बन्धित वडा कार्यालयको सिफारिस पत्र ।

अन्य जानकारीको लागि: मो.नं. ९८४५१०३३४१/९८४५०७२२०० वा इमेल adsthahamun@gmail.com मा सम्पर्क गर्न सकिने छ ।

*नोट : म्याद नाघी आएका र रित नपुगेका निवेदनलाई यस कार्यक्रममा समावेश गरिने छैन ।*

**थाहा नगरपालिका**
कृषि विकास शाखा
इन्द्रायणी चौर, मकवानपुर


# अखिल नेपाल महिला संघ थाहानगर कमिटीको अध्यक्षमा अधिकारी

◆ विकास संवाददाता

नेकपा एमालेको जनसंगठन अखिल नेपाल महिला संघ थाहानगर कमिटीको अध्यक्षमा यसोदा अधिकारी सर्वसम्मत चयन भएकी छिन् । १२ पुसमा सम्पन्न तेस्रो थाहानगर सम्मेलनले अधिकारीको नेतृत्वमा ३३ सदस्यीय नगर कमिटी गठन गरेको हो । कमिटीको उपाध्यक्षमा मेनुका ढकाल, सचिव जानकी श्रेष्ठ, कोषाध्यक्ष गंगा घले र उपसचिवमा निशा दोङ निर्विरोध भएकी छिन् ।

कमिटीका सदस्यहरूमा दुर्गा विडारी, प्रतिमा श्रेष्ठ, सावित्रीदेवी ढकाल, निर्मला ढकाल, बिमला कार्की, अनिता कार्की, पार्वती अधिकारी, सृजना अधिकारी, राधिका खड्का, सपना वाइबा, सविता सुवेदी, सुमित्रा लामा, काइलीमाया थिङ, मुना माया मोक्तान, कान्छीमाया वाइबा, रोजिना महर्जन र बिमला जिम्बा चयन भएका छन् ।



यसैगरी कमिटीको सदस्यहरूमा रोजिना महर्जन, बिमला जिम्बा, जानुका बस्नेत, बिपना गमाल, सोममाया बल, सरिता गोले, सुशिला मगर, सुकुमाया स्याङ्तान, राधा गोपाली, मेनुका बर्तौला, बिमला गोले, सुनिता माया लामा र पार्वती सुनार सर्वसम्मत चयन भएका छन् ।

यसोधा अधिकारीको सभाध्यक्षतामा सम्पन्न नगर सम्मेलनमा प्रमुख अतिथि अनेमसंघ केन्द्रीय सदस्य पार्वती राना, जिल्ला अध्यक्ष सुमित्रा काफ्ले, एमाले प्रदेश कमिटी सदस्य बरिना बल, जिल्ला सदस्यहरू बिमल ढकाल, हरि गोपाली, सुनिता दोङ, तुलसा विष्ट, नगर अध्यक्ष सुरेन्द्रमान प्रधान, उपाध्यक्ष हेम कुमार थिङ, सचिव सुजन कुमार रायमाझी, पूर्व सचिव रामकृष्ण बस्नेत, नगर सदस्यहरू गौतमराज श्रेष्ठ, राजाराम रायमाझी, किशु रायमाझी, कमल कार्की, गोमा कार्कीलगायतको आतिथ्यता थियो । नवगठित कमिटीलाई जिल्ला अध्यक्ष काफ्लेले शपथ गराए ।

सम्मेलनको अवसरमा बिगतमा अनेमसंघको नेतृत्व लिई संगठनलाई पुऱ्याएको योगदानको कदर गर्दै १२ जना पूर्व महिला नेताहरूलाई सम्मान गरि एको थियो । सम्मानित हुनेहरूमा थाहा ४ का सान्नानी अधिकारी, थाहा १ का गौरी प्रधान, थाहा १ का ठुली गोले, थाहा २ का सावित्री बस्नेत, थाहा ५ का चमेली माया वाइबा, थाहा ५ का कान्छीमाया वाइबा, थाहा ६ का सविता सुवेदी, थाहा ६ का पूर्ण कुमारी श्रेष्ठ, थाहा ९ का रीता सिं ठकुरी, सावित्री लामिछाने, पवित्रा लामिछाने, थाहा १२ का माइली गोले रहेका छन् ।

# भीमफेदीमा नयाँ विद्यालय भवन शिलान्यास

◆ विकास संवाददाता

मकवानपुरको भीमफेदी गाउँपालिकामा नयाँ विद्यालय भवन बन्ने भएको छ । गाउँपालिका अध्यक्ष हिदम लामाले पोखरी प्राथमिक विद्यालयको वडा नम्बर-९ मा रहेको घडेरीमा नयाँ भवनको शिलान्यास गरेका छन् ।

विद्यालयको प्रधानाध्यापक निर्मला थिङका अनुसार २ तल्ले ८ कोठे भवन निर्माण हुन लागिएको हो । हाल वडा नम्बर-२ मा रहेको विद्यालय भवन हुरीबतास, भूकम्प र चोरीको जोखिममा रहेकाले नयाँ भवन बनाउन लागिएको हो। नयाँ भवन हालको स्थानबाट आधा घण्टाको दूरीमा बन्नेछ ।

बागमती प्रदेश सरकारको विशेष अनुदान अन्तर्गत १ करोड ९८ लाख रूपैयाँको लागतमा भवन निर्माण हुन लागेको छ । निर्माण कार्य पुस ५ गतेबाट सुरू भएको छ। पुलामी एण्ड सन्स कन्स्ट्रक्सन प्रालिले भदौ महिनासम्म सम्पन्न गर्ने गरी निर्माणको जिम्मा लिएको छ । ३ का जग्गामा बन्ने नयाँ भवनमा सुविधायुक्त शौचालय र खानेपानीको व्यवस्था हुनेछ। कक्षा-५ सम्म पठनपाठन हुने यस विद्यालयमा हाल ३८ जना विद्यार्थी अध्ययनरत छन् । हालको विद्यालय ऐलानी जग्गामा रहेकोमा नयाँ भवन भने विद्यालयको आफ्नै जग्गामा निर्माण हुन लागेको छ ।


## सामाजिक सञ्जाल प्रयोगमा सतर्कता अपनाऔं !

सामाजिक सञ्जालमा:

- जातीय, धार्मिक र साम्प्रदायिक सद्भावमा खलल पुऱ्याउने,
- राष्ट्रिय सुरक्षा र राष्ट्रिय एकतामा आँच पुग्ने,
- कुनै व्यक्ति वा संस्थाको प्रतिष्ठा र आत्मसम्मानमा ठेस पुऱ्याउने,
- जातीय भेदभाव, छुवाछुत र श्रमप्रति अवहेलना हुने,
- शान्ति सुरक्षामा खलल पुग्ने,
- प्रचलित कानूनले रोक लगाएका सामग्रीहरूको प्रकाशन वा प्रदर्शन गर्ने,
- जनमानसमा भ्रम सिर्जना गर्ने,

जस्ता विषयवस्तु पोष्ट, शेयर, ट्याग, ह्यास ट्याग गर्नु हुँदैन ।
त्यस्ता कार्य कानूनतः दण्डनीय हुन्छन् ।

नेपाल सरकार
**विज्ञापन बोर्ड**

'थाहा नगर विकासको आधार, कृषि, पर्यटन र पूर्वाधार'

**थाहा नगरपालिका**

## थाहा नगरपालिकाको जरुरी सूचना !

यस थाहा नगरपालिका क्षेत्रका नदी तथा खोलामा रहेका जलचर संरक्षण विभिन्न कार्य गर्दै आएकोमा केही व्यक्तिहरुले करेन्ट तथा अन्य निषेधित केमिकल प्रयोग गरी लुकीछिपी रुपमा माछा मार्ने लगायतको कार्य गर्दै आएको भन्ने जानकारी प्राप्त भएको हुँदा त्यस्तो कार्य गर्न गर्नेलाई बागमती प्रदेश सरकारले जारी गरेको प्रदेशस्तरमा **जलचर संरक्षण र व्यवस्थापन गर्न बनेको ऐन, २०७६** अनुसार जलचर समात्ने तथा मार्ने कार्य गरिएको पाइएमा **५० हजार** रुपियाँसम्म जरिवाना, जलचर संरक्षण ऐन, २०५५ (संशोधन) अनुसार **६ महिनासम्म कैद वा पाँच हजार रुपियाँसम्म** जरिवाना तथा थाहा नगरपालिकाको वातावरण तथा प्राकृतिक स्रोतको संरक्षण सम्बन्धी ऐन, २०७६ अनुसार पहिलो पटकका लागि ५ हजार नगद तथा पटके भएमा थप कारबाही गर्ने कानूनी व्यवस्था रहेको हुँदा जलचर मार्ने वा समात्ने कार्य नगर्नु नगराउनुहुन यसै सूचनाद्वारा जानकारी गराइन्छ ।








● दिगो विकास मल्टिमिडिया (प्रा.) लि.द्वारा प्रकाशित ● मुद्रण : संगम आर्टस्, हेटौंडा-२ ● कार्यालय : थाहा-४, मकवानपुर ● इमेल: bikaskhabar@gmail.com ● सम्पादक : कुमार नेगी